**असल संस्कार र समृद्धिका लागि एनएमसी**
**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**कर्पोरेट कार्यालय : मेचीनगर-६, कोशी प्रदेश**

# सदस्य सहजकर्ता कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति : २०८०।०२।१६गते*

---

संस्थाद्वारा सञ्चालित बचत तथा ऋण व्यवसाय अन्तर्गत **एनएमसी गौरीगन्ज सेवाकेन्द्रका** लागि संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) तथा सदस्य सहजकर्ता कर्मचारी सम्बन्धी कार्यविधि २०७९ बमोजिम **सदस्य सहजकर्ता पदमा** खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले देहाय अनुसारको योग्यता पुगेका उम्मेद्वारबाट दरखास्त आह्वान गरिन्छ ।

**(१) विज्ञापन नं ९१ (२०७९।०८०)**

| सेवाकेन्द्र | एकाइ नं. | भौगोलिक कार्यक्षेत्र: | | | | संख्या |
|---|---|---|---|---|---|---|
| | | पूर्व क्षेत्र | पश्चिम क्षेत्र | उत्तर क्षेत्र | दक्षिण क्षेत्र | |
| गौरीगन्ज | १ | इटाभट्टा | गेउरिया | चन्दन चौक | हुलाकी रोड | १ |

**(२) छनोट प्रक्रियाका आधारहरू :**

| क्र.सं. | विवरण | अंक भार | कैफियत |
|---|---|---|---|
| १. | लिखित परीक्षा | ४० | वस्तुगत ३०, विषयगत १० |
| २. | अनुभव | ५ | |
| ३. | स्थानीयता | ५ | |
| ४. | मोटरसाइकल/स्कुटरको सवारी चालक अनुमति पत्र | ५ | |
| ५. | शारीरिक तन्दुरुस्ती | ५ | |
| ६. | अन्तर्वार्ता | ४० | |
| | **पूर्णाङ्क** | **१००** | |

**(३) लिखित परीक्षाका लागि पाठ्यक्रम : ४० अंक**

| क्र.सं. | वस्तुगत पाठ्यक्रम विवरण | ३० अंक |
|---|---|---|
| १ | एसईई वा सो सरहको पाठ्यक्रम | १५ |
| २ | समसामयिक सामान्यज्ञान | १० |
| ३ | नेपाल बहुउद्देश्यीय सहकारी संस्था विशेष | ५ |
| क्र.सं. | विषयगत पाठ्यक्रम विवरण | १० अंक |
| १ | निवेदन लेखन | ५ |
| २ | अनुच्छेद लेखन (तोकिएको विषयमा) | ५ |

**(४) अन्य**

- **परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता हुनेछ ।

- **परीक्षा मिति, परीक्षा केन्द्र** : परीक्षा सम्बन्धि सूचना पछि प्रकाशन गरिने छ ।
- **दरखास्त दस्तुर** : रु.२००।- (दुईसय)
- **दरखास्त दिने अन्तिम मिति** : मिति २०८० जेष्ठ २३ गते मंगलबारसम्म ।
- **उम्मेद्वारको उमेरको हद (महिला/पुरुष) :** आवेदन दिने अन्तिम दिन १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको नेपाली नागरिक ।
- **पदमा रही गर्नुपर्ने कामको विवरण** : तोकिएको एकाइ क्षेत्रमा फिल्ड संकलनको काम गर्नु पर्नेछ ।
- **सेवा सुविधा** : संस्थाको नियम अनुसार
- **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : एसईई वा सोसरह
- **सेवाको प्रकृति** : करार
- तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकार गरिने छैन ।
- आवेदकहरुले संस्थाले तोकेको दरखास्त फारम भरीन्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि, नागरिकताको प्रतिलिपि पासपोर्ट साइजको ३ प्रतिफोटो , व्यक्तिगत विवरण (Bio-Data) र हस्तलिखित निवेदन, परीक्षा दस्तुर बुझाएको जम्मा भौचरनेपाली रेकर्ड फाइलमा संलग्न राखि **एनएमसी गौरीगन्ज सेवाकेन्द्रमा** बुझाउनु पर्नेछ
- सहकारी संस्थामा कार्य गरेको अनुभव र तालिमका प्रमाण भएमा दरखास्त फारम पेश गर्दा संलग्न गर्नुपर्नेछ ।
- विदेशबाट शैक्षिक योग्यता हासिल गरेको भए समकक्षताको प्रमाण अनिवार्य पेस गर्नु पर्नेछ ।
- संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) बमोजिम सञ्चयकोष, ग्रेड, उपदान, बोनस र बिदा लगायतका अतिरिक्त सुविधा प्रदान गरिने छ ।
- आवेदन शुल्क संस्थाको वित्तीय व्यवसाय अन्तरगत प्रधान कार्यालयको बचत हि.न.०९९५३०००००६३ NMC SEWA AAYOG खातामा जम्मा गरी जम्मा भौचर आवेदन फायलमा अनिवार्य राख्नु पर्नेछ ।
- उम्मेद्वारले जम्मा गरिसकेको आवेदन दस्तुर फिर्ता हुने छैन ।
- अन्तिम छनोटमा परेका उम्मेद्वारहरूले संस्थाले तोकेअनुसारको धितो धरौटीको व्यवस्था गर्नुपर्नेछ।
- उत्तीर्ण परीक्षार्थीले नियुक्ति लिनुपूर्व स्वास्थ्य परीक्षण प्रहरी रिर्पोट, स्थायी लेखा नम्बर अनिवार्य पेस गर्नु पर्नेछ ।
- कार्यसम्पादन मूल्याङ्कनका आधारमा करार अवधि थप गर्न सकिने छ ।

**थप जानकारीका लागि : एनएमसी गौरीगन्ज सेवाकेन्द्र ९८५२६८९४९१**

**- कर्पोरेट मानव संसाधन विभाग**